# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।३१ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

---

रौतहट जिल्लाको विभिन्न गा.वि.स.हरूमा अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता भएकोले सम्बन्धित पदाधिकारी एवं कर्मचारीउपर आवश्यक छानविन गरी कानुनी कारवाही गरिपाउँ भन्ने व्यहोरा सहितको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक भसेढवा गा.वि.स.का तत्कालीन सचिवहरू जवाहरलाल झा, जयचन्द्रप्रसाद जयसवाल र प्राविधिक सहायक अखिलेन्द्रकुमार यादवले नेपाल सरकारबाट प्राप्त सरकारी बजेट रकम खर्च गर्दा न्यूनतम रूपमा अवलम्बन गर्नुपर्ने विधिसमेत अवलम्बन नगरेको, खर्चको पुष्ट्याई हुन नसकेको, विल भरपाईको प्रमाणिकता पुष्टि हुन नसकेको, सामाजिक सुरक्षा भत्तावापत वितरण गर्नुपर्ने रकम आफ्नै वा अरु कसैको औंठाछाप प्रयोग गरी आफैले बुझिलिई सरकारी रकम हिनामिना तथा हानिनोक्सानी गरेको समेत देखिएको हुँदा साविक भसेढवा गा.वि.स. को चालु तथा पुँजीगत खर्च हिनामिना, हानिनोक्सानी गरी तथा सामाजिक सुरक्षा भत्ताको रकम आफैले बुझिलिई सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी, दुरुपयोग गरेको देखिएकोले निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा साविक भसेढवा गा.वि.स.का तत्कालीन प्राविधिक सहायक अखिलेन्द्रकुमार यादव, तत्कालीन गा.वि.स सचिवहरू जवाहरलाल झा, जयचन्द्रप्रसाद जयसवाल उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई मिति २०७६।०२।३० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

देहाय :-

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १ | अखिलेन्द्रकुमार यादव | तत्कालीन प्राविधिक सहायक | साविक भसेढवा गा.वि.स. रौतहट | रु.३३,२४,३९१।०८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको विगो भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर गर्न मागदावी । |
| २ | जवाहरलाल झा | तत्कालीन गाविस सचिव | ,, | रु.५,८१,३८५।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको विगो भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर गर्न मागदावी । |

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| ३ | जयचन्द्रप्रसाद जयसवाल | ,, | ,, | रु.२,७१,८७५।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको विगो भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर गर्न मागदावी । |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता